## बैठक संख्याः १६ औं

मितिः २०८२।०१।०९ मंगलबार समयः दिनको २:०० बजे स्थानः सि.न.पा.को सभा हल

सिद्धार्थनगर नगरपालिकाका प्रमुख श्रीमान् इश्तियाक अहमद खाँज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री इश्तियाक अहमद खाँ | नगर प्रमुख | |
| २ | श्री उमा अधिकारी | नगर उपप्रमुख | |
| ३ | श्री उज्जवल पोखरेल (वडा अध्यक्ष - वडा नं. १) | कार्यपालिका सदस्य | |
| ४ | श्री छेदीलाल श्रीवास्तव (वडा अध्यक्ष - वडा नं. २) | कार्यपालिका सदस्य | |
| ५ | श्री नारायण प्रसाद उपाध्याय (वडा अध्यक्ष - वडा नं. ३) | कार्यपालिका सदस्य | |
| ६ | श्री मुक्तिनाथ यादव (वडा अध्यक्ष - वडा नं. ४) | कार्यपालिका सदस्य | |
| ७ | श्री पुरन प्रसाद श्रेष्ठ (वडा अध्यक्ष - वडा नं. ५) | कार्यपालिका सदस्य | |
| ८ | श्री विरेन्द्रनाथ श्रीवास्तव (वडा अध्यक्ष - वडा नं. ६) | कार्यपालिका सदस्य | |
| ९ | श्री दामोदर शर्मा घिमिरे (वडा अध्यक्ष - वडा नं. ७) | कार्यपालिका सदस्य | |
| १० | श्री राजन जंग राणा (वडा अध्यक्ष - वडा नं. ८) | कार्यपालिका सदस्य | |
| ११ | श्री शेषकान्त भण्डारी (वडा अध्यक्ष - वडा नं. ९) | कार्यपालिका सदस्य | |
| १२ | श्री सुर्जमन अहिर यादव (वडा अध्यक्ष - वडा नं. १०) | कार्यपालिका सदस्य | |
| १३ | श्री दिलीप कुमार यादव (वडा अध्यक्ष - वडा नं. ११) | कार्यपालिका सदस्य | |
| १४ | श्री कुमार गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १२) | कार्यपालिका सदस्य | |
| १५ | श्री निलु सिरिस मगर (वडा सदस्य - वडा नं. १३) | का.बा. अध्यक्ष | |
| | श्री बसन्त प्रसाद भट्टराई - ८ | का.बा. अध्यक्ष | |
| | श्री सिता कुमारी सुनार वि.क.12 | " — " | |

| | | | |
|---|---|---|---|
| १६ | श्री द्रुपदा पनेरु | कार्यपालिका सदस्य | |
| १७ | श्री बीना माया ज्ञवाली | कार्यपालिका सदस्य | |
| १८ | श्री रुपा कुमारी सुनार बराईली | कार्यपालिका सदस्य | |
| १९ | श्री सविता हरिजन | कार्यपालिका सदस्य | |
| २० | श्री गयीतिरा चमार | कार्यपालिका सदस्य | |
| २१ | श्री सुभावती चमार | कार्यपालिका सदस्य | |
| २२ | श्री केदार प्रसाद बरै | कार्यपालिका सदस्य | |
| २३ | श्री शिव नारायण कोइरी | कार्यपालिका सदस्य | |
| २४ | श्री जनक थापा | सचिव<br>(प्रमुख प्रशासकीय अधिकृत) | |
| २५ | श्री देव प्रसाद ज्ञवाली | वरिष्ठ अधिकृत, साँतौ<br>(प्रशासनीक काम गर्ने) | |
| २६ | श्री ओमेश कुमार गैरे | वरिष्ठ लेखा अधिकृत | |

*प्रस्तावहरु :*

१. अटो भिलेज सञ्चालन सम्बन्धमा ।

२. सिद्धार्थ क्रिकेट खेलकुल मैदान निर्माणका लागि योजना माग गर्ने सम्बन्धमा ।

३. सटर खाली गराइ बक्यौता असुली गर्ने सम्बन्धमा ।

४. सटर कवल वाहाल दिने सम्बन्धमा।

५. विज्ञापन कर, मनोरन्जन कर संकलन सम्बन्धमा ।

६. "ए" ब्लक सञ्चालन सम्बन्धमा।

७. विविध ।

बैठक सख्या: १६ औं

मिति २०८२/०१/०९ को नगर कार्यपालिका बैठकको निर्णयहरु:-

निर्णय नं.- १(एक)

सिद्धार्थनगर नगरपालिकामा वडा नं. ८ लुम्बिनी रोडमा तथा वडा नं. ९ लगायत यत्रतत्र छरिएर रहेका गाडी मर्मतको ग्यारेजहरु दर्ता भएका स्थानमा सन्चालन नगरेको पाइएकोले जुन स्थानका लागि मोटर ग्यारेज दर्ता भएको हो सोही स्थानमा सन्चालन गर्न र दर्ता नभएका मोटर ग्यारेजहरु यथाशिघ्र दर्ता गरी ग्यारेज व्यवसायीहरु नगरका विभिन्न स्थानबाट स्थानान्तरण गरी वडा नं. ९ स्थित गोनहियामा प्रस्ताव गरिएको अटोभिलेजमा जानका लागि ग्यारेज वर्कशपका व्यवसायीहरुलाई ३५ दिने सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

निर्णय नं.- २ (दुई)

सिद्धार्थनगर नगरपालिका वडा नं. ३ रहेको सिद्धार्थ क्रिकेट रंगशाला खेलकुद मैदान तथा दरखसवा खेलकुद मैदान समेत गरी २ वटा खेलकुद स्टेडियमहरुको स्तरउन्नतीका लागी आ.ब. २०८२/८३ का लागि संघीय सरकारको अर्थ मन्त्रालय तथा संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार काठमाडौं समक्ष अनुरोध गर्ने र सोको लागि लागत सहभागिता १० प्रतिशत नगरपालिकाले व्यहोर्ने प्रतिबद्धता गर्ने निर्णय गरियो ।

निर्णय नं.- ३(तिन)

सिद्धार्थनगर नगरपालिकाको स्वामित्वमा रहेको बेलहिया, सिद्धार्थ बसपार्क, हाटबजार तथा कार्यालय परिसरका सटरकवल बहालमा लिई बसेका व्यक्तिहरुले नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने रकम समयमा नबुझाई अटेर गरी बसेका व्यवसायीहरुको सम्झौता रद्द गरी उठाउनु पर्ने राजश्व रकम सरकारी बाँकी सरह असुल उपरको कारवाही अगाडी बढाउने र बाहाल नदिने व्यवसायीहरुको सटर कोठा खाली गर्न ३५ दिने सार्वजनिक सूचना जारी गरी हटाउने निर्णय गरियो। साथै नगरपालिकालाई बक्यौता बुझाउन बाँकी रहेका व्यक्तिहरुलाई नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधामा रोक लगाउनुको साथै बक्यौता असुली नभए सम्म निजहरुबाट विभिन्न प्रकारका कर तथा शुल्कहरु समेत संकलन नगर्न नगराउन सबै वडा कार्यालयहरुलाई सूचित गर्ने निर्णय गरियो ।

निर्णय नं.- ४(चार)

सिद्धार्थनगर नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक सम्पत्तिहरु सार्वजनिक सूचना मार्फत प्रतिशपर्धाको आधारमा बहालमा लगाउनु पर्नेमा हालसम्म पुरानो सम्झौतामा विभिन्न मितिमा निर्णय हुदै बहाललाई निरन्तरता दिईदै आएकोले बहाल अवधि तोकी सम्झौता भएको बाहेक अन्य सबै (बहालमा बसी रकम भुक्तानी नगरेका र रिक्त रहेका) सटर कवलहरुमा नयाँ प्रकृया (खुल्ला प्रतिस्पर्धाको माध्यम) बाट आगामी

आर्थिक वर्ष २०८२/८३, २०८३/८४ र २०८४/८५ (३ वर्ष) का लागि वहालमा लगाउन सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.- ५(पाँच)

सिद्धार्थनगर नगरपालिकाले विज्ञापन कर, कवाडी कर संलकन (आ. व. २०८१/०८२, ०८२/०८३, ०८३/०८४ सम्म) को लागि बोलपत्रको माध्यमवाट सूचना आह्वान गरिएकोमा विज्ञापन करको एकमात्र बोलपत्र पेश हुन आएको तर निजले तोकिएको समय भित्र कार्यसम्पादन जमानत पेश तथा सम्झौता गर्न नसकी म्याद गुजारेकोले धरौटी वापत रु. ६ लाख ५० हजार जफत गरिएको र चालू आर्थिक वर्षमा विज्ञापन कर वापत हुने आम्दानी गर्न नसकिएकोले चालू आर्थिक वर्षको लागि विज्ञापन कर, मनोरञ्जन कर तथा कवाडी कर असुली गर्नका लागि कर्मचारी खटाइ संकलन गर्ने र आगामी आर्थिक वर्ष २०८२।८३, २०८३।८४ र २०८४।८५ को लागि खुल्ला प्रतिस्पर्धाको माध्यम (ठिक्का) मार्फत विज्ञापन कर,कवाडी कर र वसपार्कको शुल्क संकलन गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ (छ)

सिद्धार्थनगर नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०८/१९ को निर्णयानुसार वडा नं. ५ स्थित सडकमा रहेको हाटवजारलाइ व्यवस्थित रुपमा राख्ने विषयमा सोही स्थानमा निमार्ण भएको कृषि हाटवजार पूर्वाधार भवन "ए" व्लकमा राख्नका लागी गठित समितिको प्रतिवेदन अनुसार पार्किङ्गको हकमा आर्थिक वर्ष २०८२।८३ (१ वर्ष) र खालीस्थान तथा सटरहरुको वहालको हकमा आगामी आर्थिक वर्ष २०८२/८३, २०८३/८४ र २०८४/८५ (३ वर्ष) का लागि सूचना प्रकाशन गर्ने र अन्य पहिलो, दोस्रो र तेस्रो तलामा हाटवजार सार्न ३० दिनको सूचना प्रकाशन गरी फुटपाथका तरकारी व्यवसायीहरुलाइ सूचना दिने निर्णय गरियो । सोको वाहल विटौरी कर लिने सम्वन्धमा आर्थिक ऐनले तोकेको दररेट बमोजिम नगरपालिकाको कर्मचारी खटाइ लिने कर निर्णय गरियो ।

विविध निर्णय नं. -७ (सात)

१. सिद्धार्थनगर नगरपालिका वडा नं ६ सिट नं १०४०२३७०६, कि.नं ८५, ८६ को ज.वि. १०३५.४०, २२१.७५ वर्ग मिटर भित्र रहेको जग्गा र घरमा गणपती एग्रो इण्डष्टीज प्रा.लि.लाई कृषि तथा उत्पादनमुलक उद्योग स्थापना तथा संचालन गर्न लुम्बिनी सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को अनूसुची १ ग विविध (४) मा व्यवस्था भए बमोजिम गणपती एग्रो इण्डष्टीज प्रा.ली.लाई उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत तयार गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा नियमानुसार छुट दिन मालपोत कार्यालय रुपन्देहीलाई सिफारिस गर्ने निर्णय गरियो ।
२. सिद्धार्थनगर नगरपालिका वडा नं. ८ स्थित रविपथ देखि उत्तर देखि वुद्धचोक सम्मको पश्चिम भागमा फुटपाथमा पार्किङ्ग गराइएको गुनासो हेलो सरकार मार्फत गुनासो प्राप्त हुन आएको हुँदा सो स्थानको फुटपाथको पार्किङ्ग हटाइ सर्भिस रोडमा पार्किङ्गको व्यवस्था मिलाउने निर्णय गरियो ।

३. सिद्धार्थ राजमार्गको विभिन्न स्थानमा सर्भिस ल्याण्ड खोल्ने विषयमा तथा राजमार्गका अन्य समस्याहरुको विषयमा सडक विभागका इन्जिनियर श्री महेश्वर लम्सालको समुपस्थितीमा छलफल भयो। राजमार्गको देहाय बमोजिमको स्थानहरुबाट अस्पतालमा जान तथा नागरिकहरुलाइ आवत जावत गर्नका लागि अत्यन्त कठिन भएको हुँदा सो स्थानबाट राजमार्गको सर्भिस ल्याण्ड खोल्न सडक विभागमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

<u>देहायः</u>

क. मेडिकल कलेज जाने सर्भिस ल्याण्ड

ख. हाठबजार जाने सर्भिस ल्याण्ड

ग. आवारोड जाने सर्भिस ल्याण्ड

घ. प्रभातपथ जाने सर्भिस ल्याण्ड

४. सिद्धार्थनगर नगरपालिका भित्रको विद्युतपोल, विद्युत तारहरु तन्काउने, विद्युत क्षमता बढाउने लगायतका विद्युतिकरण सम्बन्धी समस्याका बिषयमा नेपाल विद्युत प्राधिकरणका कार्यालय प्रमुख श्री संजय मिश्रको समुपस्थितीमा छलफल भयो । विद्युतका सम्बन्धमा आवश्यकता र बजेटका आधारमा क्रमिक रुपमा सुधार गर्दै जाने विषयमा विद्युत प्राधिकरणका तर्फबाट नगर कार्यपालिका बैठकलाइ जानकारी भयो ।

५. नगरपालिकाको वडा नं. १ देखि १३ सम्मका विभिन्न स्थानहरुमा रहेको सतह ढल लगायतका ठूला ठूला नालाहरु फोहोरको कारणले बर्षातमा डुवानमा पर्न सक्ने बिषयलाइ मध्यनजर राखी समयमै ब्याकहो लोडर र जनशक्ति संयुक्त रुपमा लगाइ सतह ढल तथा नालाहरु सफाइ गर्ने निर्णय गरियो ।

६. सिद्धार्थनगर नगरपालिका भित्र नगरपालिकाले सडक पेटी सफाइ गरी फोहोर उठाइसके पश्चात पसल व्यवसायी तथा नगरवासीहरुले जथाभावी सडकमा फोहोर फालेको पाइएकोले निजहरुलाइ कानुन बमोजिमको जरिवाना सहितको कारवाही अगाडी बढाउने निर्णय गरियो ।